# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/९/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गर्न बुझाईएको मुद्दाको विवरण :-

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **उदय कुमार बरबरिया यादब समेत भएको** (वि.अ. को( मुद्दा नं. ०७९-CR-००९२ वि.अ. को फैसला मिति २०८०।११।१६ | कृषि सडक निर्माण कार्यमा झुठ्ठा बिल भरपाईका आधारमा भुक्तानी लिने दिने समेत गरी भ्रष्टाचार गरेको । | जिल्ला धनुषा, शहिदनगर नगरपालिकाले आ.व. ०७४/७५ मा शहिदनगर नगरपालिका वडा नं. ८ स्थित विसरभोरा नहरदेखि गोठ कोयलपुर सिमासम्म कृषि सडक निर्माण गर्दा फिल्डमा भएको काम भन्दा ११६९.८९ घ.मि. परिमाण बढी काम गरेको भनी गलत नापि किताब र कार्यसम्पन्न प्रतिवेदन तयार पारी रु.१,१४,६४९।२२ (अक्षरुपी एक लाख चौध हजार छ सय उनन्चास रुपैया बाईस पैसा मात्र) उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको र लागत इस्टिमेट र कार्यसम्झौता अनुसार प्रति घनमिटरको रु. ६३।८१ (त्रिसट्ठी रुपैया एकासी पैसा मात्र) को दरले स्काभेटरले माटो खन्ने काम गर्ने भनिएतापनि योजनाको लागत इष्टिमेटमा भएको कार्यप्रकृति परिवर्तन गर्ने उपभोक्ता र वडा समितिको एकतर्फी निर्णय बमोजिम नगरपालिकाले कार्यसम्पन्न प्रतिवेदन र अन्तिम बिलमा प्रति घनमिटर रु.९८।०० (अक्षरुपी अन्ठानब्बे रुपैया मात्र) का दरले रु. ९८,१६७।०१ (अक्षरुपी अन्ठानब्बे हजार एक सय सठ्सट्ठी रुपैया एक पैसा मात्र) लागत बढाई, बढाउन लगाई बढी भुक्तानी दिने र लिने काम गरी जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बराबरको सरकारी रकमको | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पुर्ण प्रतिवादीहरु उदयकुमार बरबरिया यादव, तनुकलाल कुसियत, शिलादेबी कापरी, संजय यादव, जैसिलाल भिनवार यादव, कन्वैया मुखिया, विन्देश्वर यादव, नन्दकुमार झा, रामकिशोर महतो, कारी चमार, रेखा कुमारी, मुकेश लखनदे यादबले अभियोगदावीबाट सफाइ पाउने ठहर गरी फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एबं आधारहरु :**<br>क) कृषि बाटो भएकोले त्यसमा वैलगाडा, ट्याक्टर समेत चल्ने भएकोले बाटो प्रयोगको शिलशिलामा बैलगाडा ठोकिई त्यो फुट्न गएको हो भन्ने प्रतिवादीहरुको जिकिर पनि तर्कसंगत नै देखिएको र यसवाट योजना संचालन गर्ने वेलामा ठिक भएको र पछी फुटेको भन्ने देखिन्छ, प्राविधिक ईष्टिमेट बमोजिम Excavation work को काम लेखेकोले Excavation भएको तथा त्यसमा Excavator को विल भरपाई समावेस भइ भुक्तानी भएको देखिदा उक्त तथ्यलाई अन्यथा भन्न मिल्ने नदेखिएको।<br>ख) प्रतिवादीहरुले नगरकार्यपालिकाको निर्णय र सम्झौता बमोजिम नै उक्त | क) शहिदनगर नगरपालिकाका तत्कालिन नगर प्रमुख उदय कुमार बरबरिया यादव, उप प्रमुख शिलादेवी कापरी, तत्कालिन लेखा समितिका संयोजक जैसिलाल भिनवार यादव र सु-शासन समितिका संयोजक कन्हैया मुखियाले शहिदनगर नगरपालिका वडा नं. ८ स्थित विसरभोरा नहर देखि गोठकोयलपुर सिमासम्म कृषि सडक निर्माणको नगर योजना सुपरिवेक्षण तथा अनुगमन समितिमा रही योजनाको निर्माण सुरु हुँदाको बखत, निर्माणाधिनको बखत र निर्माण सम्पन्न भए पश्चात समेत स्थलगत सुपरिवेक्षण तथा अनुगमन, स्थानीयबासीलाई समेत सोधपुछ, योजनाको सुरु, बीच र कार्यसम्पन्न चरणको फोटो, योजनाको लागत इस्टिमेट, मूल्याङ्कन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अन्तिम बिलको आधारमा कार्यसम्पन्न भएको सत्य हो भनी अनुगमन प्रतिवेदनका साथ भुक्तानिको लागि गलत सिफारिस गरी सोही सिफारिसको आधारमा रु.१,१४,६४९।२२ (अक्षरुपी एक लाख चौध हजार छ सय उनन्चास रुपैया बाईस पैसा मात्र) भुक्तानी भएको र निज प्रतिवादीहरुले पहिलेको कार्य सम्झौता विपरित उपभोक्ता समिति र वडा समितिले लागत बढाउने एकतर्फी निर्णय गरी लागत बढाउने गरी भुक्तानी माग गरे अनुरुप नै तयार पारिएको योजनाको लागत इस्टिमेट, मूल्याङ्कन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अन्तिम बिलको आधारमा कार्य सम्पन्न भएको सत्य हो भनी रु. ९८,१६७।०१ (अक्षरुपी अन्ठानब्बे हजार एक सय सठ्सट्ठी रुपैया एक पैसा मात्र) भुक्तानी सिफारिस गरी बदनियतपूर्वक उपभोक्ता समितिलाई गैरकानूनी लाभ र नगरपालिकालाई जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बराबरको सरकारी रकम भुक्तानी गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजहरुबाट पुष्टि भएको छ।<br>यसैगरी प्रतिवादीहरु प्रमुख प्रशासकीय अधिकृत राम किशोर महतो, इन्जिनियर संजय यादव, वडा अध्यक्ष तनुकलाल कुसियत यादव, योजना शाखा प्रमुख विन्देश्वर यादव समेतको मिलेमतोमा उक्त कृषि सडक निर्माण कार्यमा शहिदनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम किशोर महतोले लागत इस्टिमेटमा भएको भन्दा बढी रकम र फिल्डमा भएको भन्दा बढी काम भएको देखाई तयार पारेको गलत नापि किताब, कार्य सम्पन्न प्रतिवेदन, अन्तिम बिल र भुक्तानी आदेश प्रमाणित गरी भए गरेको काम भन्दा बढी रकम भुक्तानी दिएको, शहिदनगर नगरपालिकाका तत्कालिन इन्जिनियर संजय यादवले लागत इस्टिमेटमा भएको भन्दा बढी रकम र फिल्डमा भएको भन्दा बढी काम भएको देखाई नापी किताबमा गलत मूल्याङ्कन गरी चढाएको र सोही बमोजिम गलत कार्यसम्पन्न प्रतिवेदन र अन्तिम बिल तयार पारेको, शहिदनगर नगरपालिका वडा नं. ८ का तत्कालिन वडा अध्यक्ष तनुकलाल कुसियत र शहिदनगर नगरपालिकाका तत्कालिन योजना शाखा प्रमुख विन्देश्वर यादवले गलत नापि किताब, कार्य सम्पन्न प्रतिवेदन र अन्तिम बिलमा हस्ताक्षर गरी सोही बमोजिम रु.१,१४,६४९।२२ (अक्षरुपी एक लाख चौध हजार छ सय उनन्चास रुपैया बाईस पैसा मात्र) बढी भुक्तानी दिएको र निज प्रतिवादीहरुले कार्य सम्झौता विपरित उपभोक्ता समिति र वडा समितिले लागत बढाउने एकतर्फी निर्णय गरी लागत बढाई भुक्तानी माग गरे बमोजिम नै कार्य सम्पन्न प्रतिवेदन, नापी किताब र अन्तिम बिल बनाई रु. ९८,१६७।०१ (अक्षरुपी अन्ठानब्बे हजार एक सय सत्सट्ठी रुपैया एक पैसा मात्र) समेत भुक्तानी दिई बदनियतपूर्वक उपभोक्ता समितिलाई गैरकानूनी लाभ पुऱ्याएको र नगरपालिकालाई जम्मा रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हानिनोक्सानी हुन गई भ्रष्टाचार भएको स-प्रमाण पुष्टी हुन आई उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखिन आएकोले प्रतिवादीहरु शहिदनगर नगरपालिकाका तत्कालिन नगर प्रमुख उदय कुमार बरबरिया यादव, उप प्रमुख शिलादेवी कापरी, तत्कालिन लेखा समितिका संयोजक जैसिलाल भिनवार यादव, सु-शासन समितिका संयोजक कन्हैया मुखिया, प्रमुख प्रशासकीय अधिकृत राम किशोर महतो, इन्जिनियर संजय यादव, वडा अध्यक्ष तनुकलाल कुसियत यादव, योजना शाखा प्रमुख विन्देश्वर यादव समेतले शहिदनगर नगरपालिकालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले कार्य गरेकोले हानी नोक्सानी गरेको विगो रकम रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बीगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बीगो समेत असुल उपर हुन साथै निज प्रतिवादीहरुले फिल्डमा नगरेको कामलाई समेत भएको भनी कम कामलाई बढी काम भएको देखाई, कार्य सम्झौता विपरित भएको कामलाई सही देखाई गलत अनुगमन प्रतिवेदन तयार पारी भुक्तानिको लागि सिफारिस तथा भुक्तानी समेत गरी रु. २,१२,८१६.२३/- (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया | योजनाको काम भएको र आफूहरुले राज्यलाई हानीनोक्सानी पु-याउने गरी कुनै काम नगरेको भनी आरोपित कसूरमा इन्कार रही वयान गरेको देखिएको तथा प्रतिवादीको वयानलाई पुष्टि हुने गरी साक्षीहरुले बकपत्र गरेकोले स्थानीय उपभोक्ताको रुपमा रहेका निज साक्षीहरुको बकपत्रलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिएको,<br>ग) बादी नेपाल सरकारका साक्षी समेतले अख्तियारको टोली गएर सडक नापजाँच गरी मुचुल्कामा सहीछाप गर्न भनेपछि सहीछाप गरिदिएको हो। सडक निर्माण कार्य भएको देखेको हो। प्रतिवादीहरुले उक्त कृषि सडक निर्माणमा भ्रष्टाचार गरेका छैनन्, प्रतिवादी निर्दोष रहेको भनी बकपत्र गरेको र यसरी बादीका साक्षीले समेत प्रतिवादीहरुको कुनै बदनीयत राखी काम नगरेको भनी गरेको बकपत्रलाई प्रतिवादीहरुको सफाइ हुने आधारको रुपमा प्रमाणमा ग्रहण गर्न मिल्ने देखिएको।<br>घ) लगत इस्टिमेटमा केही संशोधन गरी सम्पन्न गराएको मात्र आधारमा फरक पर्न गएको लगत स्टिमेटलाई आधार मानेर भ्रष्टाचार जस्तो फौजदारी कसूरमा दोषी करार गर्नु न्यायोचित हुँदैन। बदनियत र | २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बराबरको हानि नोक्सनी पुऱ्याएको देखिन्छ। यसरी यी प्रतिवादीहरुले मिलेमतो गरी मनासिव कारण बिना लागत इष्टिमेट बढाई संसोधन गर्ने कार्य गरे गराएको तथा झुट्टा विल भरपाई बनाई भुक्तानी दिने लिने कार्य गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट भएको स्थलगत प्रतिवेदन तथा स्थलगत मुचुल्काबाट स्पष्ट भई निज प्रतिवादीहरुले भ्रष्टाचार जन्य कसूर गरेको पुष्टि भइरहेकोमा मिसिल संलग्न प्रमाण कागजहरुको मूल्याङ्कन नगरी निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>ख) प्रतिवादी नन्द कुमार झा शहिदनगर नगरपालिकाको आर्थिक प्रशासन प्रमुखको रुपमा कार्यरत रहेको र निजले वयानको क्रममा प्राविधिक प्रतिबेदन अनुसार भुक्तानी गरेको हो भनी बयान गरेको देखियतापनि नगरपालिकाले तयार पारेको लागत इष्टिमेट र कार्य सम्झौतामा सडक निर्माणमा स्काभेटरले माटो खन्ने कामको लागि प्रति घनमिटर रु. ६३।८१ (त्रिसठ्ठी रुपैया एकासी पैसा मात्र) को दरले गर्ने भनी उल्लेख भएकोमा उपभोक्ता तथा वडा समितिको कार्यप्रकृति परिवर्तन र लागत बढाउने एकतर्फी निर्णय बमोजिम भुक्तानी दिने प्रयोजनार्थ नगरपालिकाले तयार पारेको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्तिम बिलमा माटोको कामको लागत बढाई प्रति घ.मी. रु.९८।०० (अक्षरुपी अन्ठानब्बे रुपैया मात्र) का दरले ४०४१.११ घ.मी. परिमाणको जम्मा रु. ३,९६,०२८।६२ भुक्तानी हुनुपर्ने भनी तयार पारेको अन्तिम बिल बमोजिम नै हिसाब राखी लागत अनुमान र अन्तिम बिलको रकम बिचको फरकलाई नहेरी नबुझी यकिन नगरी भुक्तानी दिंदा लागत अनुमानमा राखिएको दर भन्दा प्रति घ.मी. रु. ३४।१९ (चौतिस रुपैया उन्नाईस पैसा) बढीको दरले भुक्तानी हुन गई जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बराबरको सरकारी रकम हानि नोक्सानी हुन पुगेको देखिएको प्रष्ट हुँदाहुँदै मिसिल संलग्न वास्तविक तथ्यलाई अन्यथा ब्याख्या गरी यी प्रतिवादी समेतलाई आरोपित कसूरबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>ग) धनुषा जिल्ला अन्तर्गत संचालित कृषि सडक निर्माण उपभोक्ता समिति शहिदनगर नगरपालिकाका-८ विसरभोराको उपभोक्ता समितिका अध्यक्ष कारी चमार, कोषाध्यक्ष रेखाकुमारी र सचिव मुकेश लखनदे यादवले शहिदनगर नगरपालिका वडा नं. ८ स्थित विसरभोरा नहरदेखि गोठकोयलपुर सिमासम्म कृषि सडक निर्माणको फिल्डमा नभएको कामलाई भएको भनी भुक्तानी माग गरी रु.१,१४,६४९.२२/- (अक्षरुपी एक लाख चौध हजार छ सय उनन्चास रुपैया बाईस पैसा मात्र) र कार्य सम्झौता बिपरित उपभोक्ता समिति र वडा समिति मिलेर योजनाको लागत बढाउने एकतर्फी निर्णय गरी लागत बढाई रु. ९८,१६७.०१/- (अक्षरुपी अन्ठानब्बे हजार एक सय सत्सठ्ठी रुपैया एक पैसा मात्र) भुक्तानी लिई जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बराबर आफूहरुलाई गैरकानुनी लाभ र नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएको मिसिल संलग्न तथ्य प्रमाणहरुबाट पुष्टि भईरहेकोमा उक्त तथ्य प्रमाणहरू ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>घ)अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय वर्दिवासको टोली विवादित योजनामा सम्म पुगी नापजाँच गरी पेश गरेको स्थलगत प्रतिवेदनमा कृषि सडक योजनाको सम्बन्धमा लगत इस्टिमेटमा जम्मा ४०५१.९३ घ.मि. Earth Work को कार्य उल्लेख भएकोमा नापि किताबमा ४०४१.११ भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तेईस पैसा मात्र) बढी भुक्तानी भएको देखिएकोले निजहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेत हुन अभियोग माग दावी लिईएको देखिन्छ।<br>अर्का प्रतिवादी आर्थिक प्रशासन प्रमुख नन्द कुमार झाले नगरपालिकाले तयार पारेको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्तिम बिलमा माटोको कामको लागत बढाई प्रति घ.मी. रु.९८।०० (अक्षरुपी अन्ठानब्बे रुपैया मात्र) का दरले ४०४१.११ घ.मी. परिमाणको जम्मा रु. ३,९६,०२८।६२ भुक्तानी हुनुपर्ने भनी तयार पारेको अन्तिम बिल बमोजिम नै हिसाब राखी लागत अनुमान र अन्तिम बिलको रकम बिचको फरकलाई हेरीबुझी यकिन नगरी भुक्तानी दिं\|दा लागत अनुमानमा राखिएको दर भन्दा प्रति घ.मी. रु. ३४।१९ (चौतिस रुपैया उन्नाईस पैसा) बढीको दरले भुक्तानी हुन गई जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बराबरको सरकारी रकम हानिनोक्सानी हुन पुगेको देखिएको हुँदा निज उपर जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बीगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा सोही | लापरवाही पुष्टि हुनका लागि पनि सरकारलाई हानी भएको वस्तुनिष्ठ रुपमा प्रमाणित गर्न सक्नु पर्दछ।<br>ङ) वडा समिति र उपभोक्ता समितिको संयुक्त बैठकको निर्णय अनुसार स्थानिय आवश्यक्ता र परिस्थिति समेतलाई विचार गरी Levelling Machine प्रयोग गर्ने गरी लागत संशोधन गर्ने भनी सम्बन्धित कार्यपालिकाबाट निर्णय गराई कृषि सडक बनाउने कार्य सम्पन्न भएको देखिएको।<br>च) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको नापजाच प्रतिवेदनबाट सडकको मोटाई कम देखिन गएकोमा सो जाँच वर्षात पछि भएको परिप्रेक्ष्यमा प्रतिवादीहरु उपरको आरोप दावी विश्वसनीय एवं ठोस सबुत प्रमाणवाट पुष्टि भएको देखिन नआएको भन्ने आधारहरु ग्रहण गरेको देखिन्छ। | र आयोगको टोलीले स्थलगत रुपमा नापजाँच गर्दा २८७१.२२ घ.मि. मात्र Earth work गर्ने कार्य भएको, पेश भएको कागजातहरुको अध्ययन एवं स्थलगत नापजाँचको आधारमा सडक निर्माण कार्यको मूल्याङ्कन गर्दा नापि किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरिए भन्दा कम रकमको काम भएको रकम रु. १,१४,६४९।२२ उपभोक्ता समितिलाई बढि भुक्तानी भएको भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासका सि.डि.ई. राम कुमार श्रेष्ठ लगायतका टोलीले मिति २०७५/१०/१७ मा पेश गरेको स्थलगत प्रतिवेदन एवं आयोगको कार्यालय वर्दिवासवाट छानविन गर्न गएको टोलीले तयार पारेको स्थलगत मुचुल्कामा नहरदेखि पश्चिम साइड गोठकोयलपुर सीमासम्म कृषि सडक निर्माण कार्यको स्थलगत रुपमा नाप जाँच निरीक्षण गर्दा ५७१ (पाँच सय एकहत्तर) मिटर सडक (माटो पुरेर) लम्बाई निर्माण भएको पाइयो। सडकको चौडाई ५ (पाँच) मिटर देखि ७.७० (सात दशमलव सत्तरी मिटर सम्म) र उचाई ०.५० (सून्य दशमलव पचास) मिटर देखि १ मिटर (एक मिटर) सम्म रहेको पाइयो। ४५ (पैतालिस) से.मि. को ह्यूम पाइप ६ (छ) वटा प्रयोग भएकोमा ५ (पाँच) वटा ठीक अवस्थामा र ०.५०० मिटर चेनेजमा ह्यूम पाइप फुटेको अवस्थामा पाइयो। लागत इस्टिमेटमा ६० (साठी) से.मि. व्यासको ह्यूम पाइप राख्ने उल्लेख भएकोमा ४५ से.मि.को ह्युम पाइप प्रयोग भएको भन्ने स्थलगत मुचुल्कामा उल्लेख भएको देखिन्छ। यसरी भए गरेको कार्य भन्दा बढि काम भएको देखाई बढि भुक्तानी लिनु दिनु गरेको तथ्य प्रमाणहरुबाट स्पष्ट भईरहेकोमा उक्त मिसिल संलग्न तथ्य प्रमाणहरुलाई अनदेखा गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण भएकोले बदर भागी छ।<br>ङ) विवादित योजनाको स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदन तथा स्थलगत नापजाँच गरी सोको आधारमा स्थलगत मुचुल्का र निरीक्षण प्रतिवेदन पेश गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,बर्दिबासका सि.डि.ई.राम कुमार श्रेष्ठ, लेखा अधिकृत रुपनारायण श्रेष्ठ र प्र.स.नि. अमृत गोलेले मौकाको प्रतिवेदन समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्र समेत गरेको देखिन्छ।यसरी वादी नेपाल सरकारका साक्षीको रुपमा अदालतमा उपस्थित भई सो योजनाको सम्बन्धमा भए गरेको कार्यको यथार्थ विवरण उल्लेख गरी बकपत्र गरेको अवस्थामा निजको भनाईलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा सो नगरी प्रतिवादीहरुको इन्कारी वयान तथा निज प्रतिवादीहरुसंगै एकै स्थानमा बस्ने एउटै समाजका व्यक्तिको कथनलाई मात्र प्रमाणको रुपमा ग्रहण गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाइ दिने गरी भएको फैसला कानूनी रुपमा त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>च) यी प्रतिवादीहरु उपर भ्रष्टाचार गरेको भनि उजुरी परेको र अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको स्वच्छ अनुसन्धान गरी मुलुकमा सुशासनको प्रत्याभूति दिलाउने संवैधानिक जिम्मेवारी पाएको निकायबाट हुने भ्रष्टाचार सम्बन्धी अपराधको अनुसन्धान कुनै व्यक्तिहरु प्रति लक्षित रही पुर्वाग्रही भई यी प्रतिवादीहरु उपर झुट्टा आरोप लगाउनु पर्ने कुनै कारण नभएको तथा उजुरी पश्चात आयोगका सम्बन्धित विषयसंग ज्ञान भएका कर्मचारीहरु गई स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गरी राष्ट्रसेवकले अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार भएको सबूद प्रमाणहरुले पुष्टि भएको अवस्थामा त्यस्तो व्यक्तिहरुले कानूनी रुपमा छुट पाउने अवस्था हुँदैन।यी प्रतिवादीहरुले कृषि सडक योजनाको सम्बन्धमा लागत इस्टिमेटमा जम्मा ४०५१.९३ घ.मि. Earth Work को कार्य उल्लेख भएको र नापि किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा ४०४१.११ घ.मि.रहेकोमा स्थलगत रुपमा नापजाँच गर्दा २८७१.२२ घ.मि. मात्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजायको अभियोग मागदावी लिईएको देखिन्छ।<br>प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष कारी चमार, कोषाध्यक्ष रेखाकुमारी र सचिव मुकेश लखनदे यादवले आफूहरूलाई गैरकानुनी लाभ पुऱ्याउने कार्य गरेको र नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएको हुँदा पुष्टि भएको हुँदा निजहरु उपर जम्मा रु. २,१२,८१६।२३ (अक्षरुपी दुई लाख बाह्र हजार आठ सय सोह्र रुपैया तेईस पैसा मात्र) बीगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन अभियोग मागदाबी लिई विशेष अदालत,काठमाडौमा आरोपपत्र दायर गरिएको। | | Earth work गर्ने कार्यको लागि ११६९.८९घ.मि. कम काम भएकोले पेश भएको कागजातहरुको अध्ययन एवं स्थलगत नापजाँचको आधारमा सडक निर्माण कार्यको मूल्याङ्कन गर्दा नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरिए भन्दा कम रकमको काम भएको रकम रु. १,१४,६४९।२२ उपभोक्ता समितिलाई बढि भुक्तानी लिए दिएको साथै कार्य सम्झौता विपरीत उपभोक्ता समिति र वडा समितिले लागत बढाउने निर्णय गरी सोको आधारमा बढि भुक्तानी भएको रकम रु.९८,१६७।०१ गरी जम्मा रु. २,१२,८१६।२३ रकम उपभोक्ता समितिलाई बढि भुक्तानी भएको भनि सि.डि.ई.राम कुमार श्रेष्ठ समेतको टोलीले स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदन तयार गरी पेश भएकोमा सो प्रतिवेदन समेतबाट निज प्रतिवादीहरुले मिलेमतो गरी झुट्टा विल भरपाईको आधारमा भुक्तानी लिने दिने कार्य गरी भ्रष्टाचार जन्य कसूर गरेको पुष्टि भईरहेकोमा मिसिल संलग्न विश्वासनीय र भरपर्दो तथ्य प्रमाणहरुलाई अनदेखा गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>छ) मौकामा अनुसन्धानको क्रममा वयान गर्दा यी प्रतिवादीहरुको वडा समिति र उपभोक्ता समितिको निर्णय बमोजिम नगरकार्यपालिकाको बैठकबाट योजनाको प्रकृति परिवर्तन गरी अनुमोदन गरी नियम बमोजिम कार्य सम्पन्न भएको हो भनि वयान जिकिर नरहेको अवस्थामा निज प्रतिवादीहरुले पछिबाट नगरपालिकाको निर्णय गराएको देखाई, प्रमाण तयार गरी लागत स्टिमेटमा कामको प्रकृति परिवर्तन गरिएको प्रमाण पेश गरेको देखिन्छ।यसरी प्रतिवादीहरुले नियोजित रुपमा पालिकाबाट पछि तयार गरेको प्रमाणको आधारमा लिएको जिकिरलाई प्रमाणमा ग्रहण गर्नु नपर्नेमा विशेष अदालतले निजहरुले पेश गरेको नगरपालिकाको निर्णय भन्ने समेत आधारमा सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ।<br>ज) सरकारी सम्पत्तिको सहि रुपमा सदुपयोग होस् भनि जुनसुकै योजनाको खर्च गर्ने कार्य पद्दति अन्तर्गत विभिन्न तहहरु बनाईएको हुन्छ।एउटाले गरेको काम अर्कोले चेक जाँच गर्न (Check and Blance) कायम गर्न फरक फरक व्यवसायिक प्रकृति (Job Nature) भएका (प्राविधिक, अप्राविधिक, जनप्रतिनिधि, उपभोक्ता समिति, सर्वसाधारण) मानिसहरु समेतलाई सहभागिता गराईन्छ।जस्ले गर्दा योजनाको काम प्रभावकारी एवं गुणस्तरीय भई सार्वजनिक सम्पत्तिको अधिकतम उपभोग हुन सकोस्। तर पुरै संरचना नै सामेल भई मिलेमतो गरी बदनियत राखेर हुंदै नभएको कामलाई भए गरेको भनि सबैले आ-आफ्नो जिम्मेवारी अनुसारको काम नगरी गलत कागज प्रमाणहरुलाई स्वीकार गरी प्रमाणित गर्दै जाने अवस्था भनेको सुशासनको लागि भयावह र डरलाग्दो अवस्था हो।यस्तो अवस्थामा प्रतिवादीहरुले गरेको कसूरजन्य कार्य ,अवस्था ,परिस्थिति र परिवेश समेलाई अदालतले गम्भिर रुपमा लिई न्यायिक विश्लेक्षण र विवेचना गरी निर्णय हुनु पर्नेमा प्रस्तुत मुद्दामा उक्त न्यायिक विश्लेशण र विवेचना नगरी सबै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसलामा गम्भिर त्रुटि भै बदर भागी छ।<br>अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालतले गरेको फैसला उपर प्रतिवादीहरु उदयकुमार बरवरिया यादव, तनुकलाल कुसियत, शिलादेबी कापरी, संजय यादव, जैसिलाल भिनवार यादव, कन्वैया मुखिया, विन्देश्वर यादव, नन्दकुमार झा, रामकिशोर महतो, कारी चमार, रेखा कुमारी, मुकेश लखनदे यादबले अभियोगदावीबाट सफाइ पाउने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम विगो तथा कसूर कायम गरी सजाय हुन गरी पाउन। |